म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ८१ बुधबार, १० कात्तिक २०७८ षष्ठी ने. सं. ११४१ कौलाथ्व 27 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीमा एमालेको अधिवेशन जारी

हेटौंडा/बागमती प्रदेशको १२ वटा जिल्लामा नेकपा एमालेको पालिका अधिवेशन जारी छ । प्रदेशको १३ वटा जिल्लामध्ये मकवानपुर बाहेक अन्य १२ वटा जिल्लामा आजबाट एमालेको पालिका अधिवेशन सुरु भएको हो । मकवानपुरमा भने उद्योग वाणिज्य संघको निर्वाचन र पालिका अधिवेशनको तयारी नपुगेको भन्दै एमाले मकवानपुरले आगामी कात्तिक १३ गतेका अधिवेशन सारेको छ । एमाले मकवानपुरका अनुसार, कात्तिक १३ गते जिल्लाको सबै पालिकामा अधिवेशन गर्ने तयारी गरेको छ ।

केन्द्रीय नेतृत्वसँगको छलफलबाट मकवानपुरको एक उपमहानगरपालिका र एक नगरपालिका र ८ वटा गाउँपालिका गरी कुल १० वटै पालिकामा १३ गतेसम्म अधिवेशन सार्ने निर्णय गरेको एमाले मकवानपुरका अध्यक्ष बद्रीप्रसाद लम्सालले बताए । यता, चितवनको ५ वटा नगरपालिकामा एमालेको पालिका अधिवेशन सुरु भएको छ । जिल्लाको एक महानगरपालिका र एक गाउँपालिकामा भने मंगलबा अधिवेशन हुन सकेन । चितवनको ७ वटा स्थानीय तहहरुमध्ये इच्छाकामना गाउँपालिकाको गाउँ अधिवेशन भोलि गर्ने तयारी गरिएको छ भने भरतपुरको अधिवेशन १५ गते गर्ने तयारी गरिएको एमाले चितवनका सचिव प्रकाश खनालले बताए ।

# वागमती प्रदेशमा विश्वासको मत लिँदै मुख्यमन्त्री शाक्य

साझाकुरा संवाददाता

हेटौंडा/ वागमती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले विश्वासको मत लिन प्रदेशसभामा दर्ता गराएको प्रस्तावमाथि बुधबार मतविभाजन हुँदैछ ।

सत्तारुढ दल नेकपा एमाले र विपक्षी गठबन्धन माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) तथा जनता समाजवादी भित्रको विवादका कारण सभामुख सानुकुमार श्रेष्ठले मतविभाजन प्रक्रिया दुईपटक सार्न बाध्य भएका थिए । दिउसो १ बजे बस्ने प्रदेशसभाको बैठकमा विश्वासको मत विभाजनका गर्न सबै तयारी पूरा गरेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

मतदानका लागि सत्तापक्ष र प्रतिपक्षलाई छुट्टाछुट्टै कक्षको व्यवस्था मिलाइएको र अधिकृतसहितको आवश्यक कर्मचारी खटाइने प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले जानकारी दिए । गतकात्तिक ४ गतेको बैठकमा मुख्यमन्त्री शाक्यले विश्वासको मत लिन प्रस्ताव टेबुल



गरेकाले दलगत रुपमा प्रदेशसभाका सदस्यले आ–आफ्नो धारणा व्यक्त गरेका थिए ।

प्रदेशसभामा हाल सत्तापक्ष एमालेका ४४, प्रमुख प्रतिपक्षी नेकपा माओवादी २३ र अन्य प्रतिपक्षी नेपाली कांग्रेसका २२, नेकपा (एस)का १३, विवेकशील साझा दलका तीन, नेपाल किसान मजदुर पार्टी (नेमकिपा) का दुई, राप्रपाका दुई र जनता समाजवादी पार्टी (जसपा) का एक गरी १०९ सदस्य छन् । प्रदेशसभामा नयाँ सरकार बनाउन र टिकाउन ५५ मत भए पुग्छ । विपक्षी गठबन्धनसँग ५९ मत रहेको छ ।

३ मत रहेको विवेकशील साझाले शाक्यलाई विश्वासको मत नदिने बताएको छ । दुई/दुई मत रहेको नेपाल मजदुर किसान पार्टी, राप्रपाले कुनै प्रतिक्रिया दिएका छैनन् ।

नेकपा (एस) का संसदीय दलका नेता राजेन्द्र पाण्डे वागमती प्रदेशको तेस्रो मुख्यमन्त्री बन्ने पक्का भइसकेको छ । विपक्षी गठबन्धनको पाण्डेलाई मुख्यमन्त्रीको रुपमा अगाडि बनाउने निर्णय गरिसकेको छ । वाग्मतीमा नेकपा (एस) र कांग्रेसले आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति भइसकेको छ । वाग्मती प्रदेशको सत्तारुढ नेकपा (एमाले) विभाजन भएर १३ सांसदले नवगठित नेकपा (एस) रोजेपछि मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य अल्पमतमा परेकी थिइन् ।

शाक्य अल्पमतमा परेसँगै वाग्मतीमा विपक्षी गठबन्धनले नयाँ सरकार निर्माणको कसरत सुरु गरेको थियो । मुख्यमन्त्री शाक्यले गत असोज २४ गतेको प्रदेशसभाको बैठकमा नेपालको संविधानको धारा–१८८ को उपधारा १ बमोजिमको प्रावधानअनुसार विश्वासको मत लिने कार्यका लागि प्रस्ताव गरेकी थिइन् । तर, विपक्षी गठबन्धनले मुख्यमन्त्रीको टुंगो नलागउँदा दलहरुबीचको सहमतिमा प्रदेशसभाको बैठक सारिएको थियो ।

५६ सांसदसहित एकल बहुमतबाट मुख्यमन्त्री शाक्य भदौ २ गते नेपालकै पहिलो मुख्यमन्त्री बनेकी थिइन् । हाल उनीसँग सभामुखसहित ४३ जना मात्रै सांसद छन् । शाक्यको सरकार ढल्ने निश्चित नै छ ।

# सुरु भएन विद्युतीय बस खरिद प्रक्रिया

साझाकुरा संवाददाता

हेटौंडा/ वाग्मती प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको विद्युतीय बस सञ्चालन अलपत्र परेको छ । आव ०७६/७७ देखि नै विद्युतीय बसलाई प्रदेशको गौरवको कार्यक्रमको रूपमा प्राथमिकताको साथ बजेटमा राख्दै आए पनि सरकारले त्यसलाई सञ्चालन गर्न भने सकेको छैन ।

प्रदेशसभामा समेत निकै विवादित बनेको विद्युतीय बस खरिद कार्यक्रम चालु आर्थिक वर्षमा प्रदेश सरकारले विभिन्न प्रयास गरेर संसदबाट पास गरेको थियो। प्रदेश सरकारले चालु आव ०७८/७९ को जेठबाट सञ्चालन नै गर्ने उद्देश्यले विद्युतीय बसलाई प्राथमिकतामा राखे पनि चालु आवमा पनि विद्युतीय बस भित्रिने र सञ्चालनमा आउन सक्ने अवस्था छैन ।

यसअघिका वर्षमा पनि विद्युतीय बस खरिदका लागि सरकारले बजेट विनियोजन गर्दै आएको भए पनि बस खरिद गर्न नसक्दा फ्रिज हुँदै आएको थियो। आगामी वैशाखभित्र १५ वटा चार्जरको आपूर्ति भई जडान सम्पन्न गर्ने र जेठबाट ३० वटा विद्युतीय बस आपूर्ति गरि सञ्चालनमा ल्याइसक्ने




योजना सरकारको थियो । सरकारले पहिलो चरणमा ३० वटा बस र १५ वटा चार्जिङ स्टेशन खरिद गर्नका लागि यस वर्षको बजेटमा ५० करोड रुपैयाँ विनियोजन गरेको थियो । तर, चालु आवको चौथो महिनामा आइपुग्दासम्म पनि बस खरिद प्रक्रिया नै अगाडी बढेको छैन। प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक जगदीश ढुंगानाले हालसम्म बस खरिद प्रक्रिया नै अघि नबढेकाले चालु आवमा बस सञ्चालनमा आउन नसक्ने बताए ।

उनका अनुसार यसअघि बस खरिद प्रक्रियाको लागि आह्वान गरेको बोलपत्र अनुमानित रकमभन्दा बढी कबोल भएपछि रद्ध गर्नु परेको थियो। त्यसैले अर्को सातासम्ममा बस खरिदको लागी नयाँ बोलपत्र आह्वान गर्ने सरकारको तयारी रहेको छ । अहिलेको योजना अनुसार अर्को सातासम्ममा बोलपत्र आह्वान भएमा चालु आवमा बस नेपाल भित्रिन सक्ने तर सञ्चालनमा भने आउन नसक्ने उनको भनाइ छ। 'हामीले अहिले सोचेजस्तो अर्को सातासम्म टेण्डर खुल्यो भने चालु आवमा बस ल्याउन सकिएला। तर , टेण्डर आह्वान गर्न अझै पछि धकेलियो भने यो वर्षमा नेपालमा बस भित्रिन सक्दैन। सञ्चालनमा नै ल्याउन त गाह्रो छ,' उनले भने ।

ढुंगानाले प्रदेशमा सचिव तथा कर्मचारीहरुको सरुवा र प्रदेश सरकारको फेरबदलका कारण बस खरिद प्रक्रियामा ढिलाइ भएको बताए । आवश्यक पूर्वाधार तयार नगरी सरकारले बस खरिद गर्न लागेको भन्दै बजेटबाट बस खरिद कार्यक्रमलाई हटाउन प्रतिपक्ष दलहरूले माग गरेका थिए। बजेटबाट विद्युतीय बस खरिद कार्यक्रम हटाउन माग गर्दै प्रतिपक्षी दलहरूले पटकपटक संसद नै अवरुद्ध समेत गरेका थिए। तर, संसदबाट सरकारको आगामी आर्थिक वर्ष ०७८/७९ को बजेट बहुमतले पारित गरेर सरकारले विद्युतीय बस सञ्चालन गर्न बाटो खोलेको थियो।

यसअघि, आव ०७६/७७ मा विद्युतीय बस खरिद र सञ्चालनको लागि छुट्याएको २८ करोड रुपैयाँ खर्च गर्न नसक्दा फ्रिज भएको थियो भने गत आव ०७७/७८ मा पनि ४० करोड रुपैयाँ फ्रिज भएको थियो ।

# कोरोना प्रभावितलाई एक अर्ब कर्जा प्रवाह

हेटौंडा/ सरकारले कोरोनाबाट प्रभावित पर्यटन तथा घरेलु उद्योगका कर्मचारी तथा श्रमिकका लागि चालू आर्थिक वर्षको दोस्रो महिनासम्ममा एक अर्ब रुपैयाँ बराबरको कर्जा उपलब्ध गराएको छ । नेपाल राष्ट्र बैंकका अनुसार 'व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७' उक्त परिमाणको कर्जा उपलब्ध गराइएको हो । कोरोनाका कारण सबैभन्दा बढी प्रभावित भएको पर्यटन, घरेलु, साना तथा मझौला उद्यमलाई राहत उपलब्ध गराउने गरी सरकारले विशेष व्यवस्था गरेको छ ।

आव २०७७/७८ र चालू आवको बजेटमा समेत कोरोना प्रभावित क्षेत्रलाई विशेष राहतको व्यवस्था गरेको छ । सो बैंकले समेत गत आव र चालू आवको मौद्रिक नीतिमा समेत व्यवसाय र उद्यमका पक्षमा विशेष नीतिगत प्रबन्ध गरेको छ । बैंकले सोमबार जारी गरेको चालू आवको दोस्रो महिनाको विवरणअनुसार कोभिड–१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा रु एक अर्ब स्वीकृत भएको जनाएको छ ।

केन्द्रीय बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा गत भदौ मसान्तमा रु एक खर्ब १८ अर्ब ८५ करोड बराबरको छ । सो अवधिसम्म एक लाख २० हजार ७१५ ऋणीले सहुलियतपूर्ण कर्जा प्रवाह लिएका छन् ।

उक्त कर्जामध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ५१ हजार २७२ ऋणी लाभान्वित छन् । ती ऋणीले रु एक खर्ब २१ अर्ब ६ करोड कर्जा लिएका छन् । महिला उद्यमशील कर्जा अन्तर्गत ६६ हजार ६९० महिला उद्यमी लाभान्वित भएका छन । सो शीर्षकमा रु ६२ अर्ब ३७ करोड कर्जा उपयोग भएको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ७ ५३ ऋणी लाभान्वित भएको केन्द्रीय बैंकले जनाएको छ । *(रासस)*

# पढाइप्रति बालबालिकाको रुचिमा कमी

साझाकुरा संवाददाता

हेटौंडा/ कोरोना संक्रमण उच्च जोखिमबाट जोगिन विद्यालय लामो समय सञ्चालन हुन सकेन ।

विद्यालय सञ्चालन नहुँदा विद्यार्थी अनलाइन माध्यमबाट पठनपाठन गर्न बाध्य हुनुपऱ्यो । अनलाइन शिक्षाका निम्ति विद्यार्थीले मोबाइल तथा ल्यापटपको प्रयोग अधिक रुपमा गरे । अहिले भौतिक उपस्थितिमा कक्षा सञ्चालन भए पनि बालबालिकाहरुको किताबमा केन्द्रीत भई अध्ययन गर्नमा रुचीमा भने कमी भएको पाइएको छ । न्यू होराइजन स्कुल पाल्पाका प्रिन्सिपल, डासुराम पन्तले अनलाईन शिक्षामा विद्यार्थीको मोह किताबी ज्ञान आर्जनमा भन्दा मोबाइल प्रयोगप्रति बढेको बताए ।



कक्षाकोठामा विद्यार्थी रहेपनि घरमा कतिबेला गएर मोबाइल प्रयोग गर्ने मानसिकता बढेको प्रिन्सिपल पन्तको भनाइ छ । विद्यार्थी नियमित रुपमा विद्यालयमा उपस्थिति भए पनि अध्ययनमा पूर्ण रुपमा सक्रियता देखाउन सकेको स्थिति छैन । गृहकार्य गर्न समेत पहिलाको तुलनामा कमी देखिएको छ । पाल्पाका स्थानीय तहले भदौको अन्तिम, असोज महिनाको पहिलो साताबाट विद्यालय नियमित रुपमा सञ्चालनमा ल्याएका छन् । लामो समय विद्यालय बन्द हुँदा निरुत्साहित विद्यार्थी शिक्षकको उपस्थितिमा अध्ययन गर्न पाउँदा चहलपहल बढेको छ ।

विद्यालय परिसरमा सहकर्मीसँग दैनिक भेटघाट र अभ्यास, खेलकूदका गतिविधिमा नियमित सहभागिता हुन पाउँदा खुसी लागेको न्यू होराइजन स्कुल पाल्पामा कक्षा १० मा अध्ययनरत रञ्जन भण्डारीले बताए । पाल्पाका विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन भएसँगै विद्यालयमा शिक्षक, विद्यार्थीको चहलपहल देखिएको छ । कोरोना संक्रमणको जोखिमले सुनसान विद्यालय धमाधम खुलेपछि शिक्षक विद्यार्थीको उपस्थितिले चहलपहल ल्याएको हो ।

राम आधारभूत विद्यालय, बगनासकालीका प्राधानाध्यापक गुनबहादुर गाहाले जिल्लाका ग्रामीण क्षेत्रका विद्यालयका शिक्षकले स्वास्थ्य मापदण्डको पालना गराउन चासो देखाउनुपर्ने बताए । तर, अधिकांश विद्यालयमा खासै चासो नदेखाउदा विद्यार्थीमा कुनै उत्साह देखिएको छैन ।

पाल्पाका निजी तथा सरकारी विद्यालयसमेत विद्यार्थीले मुखमा मास्क, सेनिटाइजर र सामाजिक दूरीलाई अनिवार्य गरिनुपर्ने जिल्ला प्रशासन कार्यालय पाल्पाले जनाएको छ । *(रासस)*


## आकर्षक घडेरीहरू विक्रीमा

हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा विक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९

## कर्मचारी आवश्यकता

यस कम्पनीको लागि तपशिल बमोजिम कर्मचारी आवश्यक परेको हुँदा एकाउन्टमा दक्ष तथा अनुभवी एवम् सवारी चालक अनुमतिपत्र (लाइसेन्स) भएका व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | योग्यता |
|---|---|---|
| १ | लेखापाल | स्नातक उतिर्ण |

तलब : आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क: हिडम्बा अटो प्रा.लि.**

हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ०५७-५२२००७

**चितवन मेडिकल कलेज, CMC भरतपुरका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा. प्रकृति सिटैला**

## अब हेटौंडा सिटी हस्पिटलमा


तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन नं.:०५७-५२०३१५, ५२०५७०

साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।



साझाकुरा

## हाम्रो कुरा

# कृषिको विकल्प कृषि बनाऔं

आयातमुखी बजार भएका कारण विदेशी मुद्रा विनिमयका कारण मूल्य स्थिरता कायम गर्न सकिएको छैन । पेट्रोलियम पदार्थ, सवारी साधन, ठूला मेशिन उपकरणजस्ता स्वदेशमा उत्पादन नहुने वस्तु आयात गर्नु स्वभाविक भए पनि स्वदेशमै उत्पादन भइरहेका र उत्पादन सहजै वृद्धि गर्न सकिने वस्तुहरुको समेत आयात उच्च हुँदै जानुले राम्रो संकेत गरिरहेको छैन । खाद्यान्न, तरकारी, फलफूल, दूध, दहीजस्ता दैनिक उपभोग्य वस्तुहरुमा समेत मुलुक आत्मनिर्भर हुन नसक्नुलाई विडम्बना नै मान्नु पर्दछ । मुलुक अहिले धेरै कुरामा परनिर्भर बन्दै गएको छ । पछिल्ला वर्षहरुमे निर्यातको तुलनामा आयातको वृद्धिदर निकै उच्च भएका कारण व्यापार घाटा पनि चुलिँदै गइरहेको छ । बढ्दो व्यापार घाटाका कारण अर्थतन्त्रका धेरै सूचकहरु पनि नकारात्मक देखिएका छन् ।

कृषि तथा अन्य क्षेत्रको उत्पादकत्व वृद्धिका लागि अति आवश्यक उत्पादनमूलक जनशक्ति देश बाहिर जाँदा गाउँका खेतबारी बाँझो बनेका छन् । यिनै कारणहरुले हाम्रो परनिर्भरता बढ्दै गएको छ । देशमा उत्पादन गर्नेभन्दा उपभोगमात्रै गर्ने उपभोक्ताको संख्या अत्यधिक बढिरहेको छ । खनिज तथा अन्य औद्योगिक उत्पादन तत्काल वृद्धि गर्न नसके पनि कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्न समय पनि लाग्दैन र गाह्रो पनि हुँदैन । खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्नका लागि वर्ष दिन पनि कुर्नुपर्दैन । फलफूल, दूग्धपदार्थ, माछा, मासुमा आत्मनिर्भर हुन बढीमा दुई तीन वर्ष लाग्ने हो । यसका लागि सरकारले थुप्रै नीति तथा कार्यक्रम लागू गरे पनि त्यसको प्रतिफल पाइएको छैन । विगतमा कृषि तथा पशुपालनका क्षेत्रमा सञ्चालित अधिकांश कार्यक्रम प्रभावहीन बनेको यथार्थ हामीमाझ छ । मुलुकमा उत्पादन बृद्धि गर्ने, आत्मनिर्भरता बढाउने ठोस र प्रभावकारी कार्यक्रम बन्न सकेको छैन । प्रदेश सरकारले गाई पालनलाई प्रवर्द्धन गर्दै दूग्ध उत्पादन वृद्धिको योजना सुरु गर्ने तयारी गरे पनि यसको प्रभावकारिता हेर्नै बाँकी छ । पछिल्लो समय नेपालीहरुमा उपभोक्तावादी संस्कृति बढ्दैछ । उत्पादन बढाउनेतिर पटक्कै ध्यान नदिने, तर उपभोग भने अत्यधिकरुपमा गर्ने परिवारको जस्तो हालत हुन्छ, देशको अवस्था पनि त्यही हुने हो । अहिले बहुसंख्यक नेपालीको आर्थिक जीवन वैदेशिक रोजगारीका क्रममा बाहिरिएका युवाहरुले पठाएको रेमिट्यान्सले धानेको छ । वैदेशिक रोजगारीका कारण गाउँमा युवाहरु छैनन् ।

सबै क्षेत्रको परनिर्भरता तुरुन्तै अन्त्य गर्न सम्भव नभए पनि कृषिजन्य वस्तुको आयात कम गरी आत्मनिर्भर बन्न अवश्य सम्भव हुन्छ । यसले स्वाधिन र सबल राष्ट्र निर्माणमा पनि टेवा पुग्ने निश्चित छ । कृषि उत्पादन बढाउँदै क्रमशः औद्योगिकीकरणको दिशामा अगाडि बढ्ने र जलस्रोत, पर्यटन, वनलगायत अन्य आर्थिक क्षेत्रलाई पनि सँगै अगाडि बढाउन सकियो भने हाम्रो समृद्धिको यात्रा दिगो र प्रभावकारी बन्नेछ । आर्थिक विकास र समृद्धिका कुरा धेरै उठेका छन् । जलस्रोत र पर्यटनको चर्चा धेरै भएको छ । तर कम लगानीमा तत्काल गर्न सकिने कृषि उत्पादनमा नागरिकहरुलाई उत्साहका साथ लाग्ने वातावरण राज्यले बनाउन सकिरहेको छैन । आर्थिक विकास र समृद्धिको यात्रा प्रारम्भ गर्ने हो भने तीनै तहका सरकारले स्पष्ट र प्रभावकारी योजना बनाएर अगाडि बढ्न सक्नुपर्छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक



## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १३ गते बुधबार २९ सेप्टेम्बर २०२१ । असोज कृष्ण अष्टमी । नेपाल संवत ञंलागा अष्टमी ११४१ । सूर्योदय ५:५५ र सूर्यास्त ५:५३ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य नष्ट | तुला | : परिवारमा झमेला |
| वृष | : पराक्रम बढ्ने | वृश्चिक | : सम्मान पाइने |
| मिथुन | : विद्यामा बाधा | धनु | : अनावश्यक तनाव |
| कर्कट | : आलश्यता | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : प्रेममा धोका | कुम्भ | : धन बृद्धि |
| कन्या | : मिष्ठान्न भोजन | मीन | : मित्र भेट |

# एमसीसी अर्थात् मेरो बाजा मेरै धुन


राजाराम बर्तौला

> अमेरिकी अनुदानमा जसरी वाम राजनीतिको अतिराष्ट्रवादी खेलको प्रबलता देखिन्छ, त्यसले अन्ततः राष्ट्रिय स्वार्थमा ठूलै असर पार्ने देखिन्छ ।

विगत केही समयदेखि नेपालको लेकबेँसी, हिमाल, पहाड, तराई, पाँचतारे होटल होस् या गाउँको चियापसल, मेलापात होस् या भजनमण्डल जताततै एमसीसीको बहस चलेको देखिन्छ । बुझेर होस् या नबुझेर, नेताहरू विशेषगरी वाम बुद्धिजीवीहरुले एमसीसीको विषयमा एउटा भाष्य निर्माण गरिदिएका छन् जसको आलोक छरिएर जनजिब्रोमा बस्न पुगेको छ । धेरैले के बुझेका छन् भने यो एमसीसी भनेको नेपालको संविधानभन्दा माथि, नेपालमा अमेरिकी सेना ल्याउन गरिएको प्रपञ्च हो । यो संसद्बाट अनुमोदन भएपछि नेपालको स्वाधीनता खतरामा पर्छ । राष्ट्रिय स्वाधीनता साँच्चिकै खतरामा पर्छ वा पर्दैन त्यसको आफ्नै आयाम होला व्याख्याको तर यसलाई जसले जसतो चस्मा लगाएर हेर्यो त्यस्तै दखिने अद्भुत जिनिस भएको छ, यो एमसीसी नेपाल कम्प्याक्ट ।

यो स्वतन्त्रता र स्वाधीनता भन्ने विषय पनि साह्रै जटिल छ । जन्मभूमिप्रतिको मानिसको लगाव, प्रेम, आसक्ति, भक्ति संवेदनशील तत्व हो जहाँ घोच्यो भने अवश्य दुख्छ । सबैलाई दुख्छ, तर चोटको अभिनय गर्न सिद्धहस्त हुन्छन् राजनयिक अभियन्ताहरू । यी कतिसम्म पारंगत हुन्छन् भने आफ्नो सिरानीमा विदेशी नेताका तस्बिर राखेर स्वराष्ट्रको राष्ट्रभक्तिमा राष्ट्रिय गान गाउँछन् । हामी त्यही अभिनयलाई सत्य मानेर वशीभूत भइरहेका हुन्छौं ।

त्यस्तै त होला एमसीसीको चुर्णघुंटी पनि । नेपालका बौद्धिक जमात खोइ कता छ कुन्नि देखिन्नन् । जति देखिएका छन् ती एकएक राजनीतिक दलको छाता ओढेर उसैको भजनमा ताल ठोकिरहेका देखिन्छन् । आम जनताको सरोकारलाई प्राविधिक पक्षबाट सत्यतथ्यको बोध गराउने कसले ? कसको कुरा सुन्नु, कसको नसुन्नु ? बहस जारी छ ।

जे जसो भने पनि एमसीसी सम्झौता र यसले जनताको चेतनामा ल्याएको जागरुकता यसको बहसमा भएको जनसहभागिता, मानिसहरुको उत्सुकता र जाँगर प्रशंसनीय देखिन्छ । एमसीसीको पक्ष र विपक्षमा देखिएको गहन छलफल, वाद, विवाद र प्रतिवादलाई हेर्दा नेपालको लोकतन्त्र र यसले निःसृत गरेको स्वतन्त्रताको विराटताले राष्ट्रिय धरातललाई मजबुत बनाउँदै गएको सबल र सुन्दर पक्ष पनि देखिन्छ । भलै यसको विरोध गर्नेहरुले राष्ट्रियताको जामा पहिऱ्याएर मुलुकको सार्वभौमिकता नै आँच आउने जसरी व्याख्या गर्दै प्रतिवादमा उभिएका छन् । प्रतिवाद गर्नेहरु यसको गुण-दोषमा भन्दा यसको स्रोत र दाताको नियतमा प्रश्न गरिरहेका देखिन्छन् ।

यो आलेखको उद्देश्य एमसीसी सम्झौताको केस्रा-केस्रा केलाएर त्यसको पक्ष विपक्षमा धारणा राख्नु नभएर नेपालमा यस सम्झौताले ल्याएको प्रभावको विषयमा सानो समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नु मात्र हो । यसै पनि यो सम्झौता नेपालीहरूको आम चासोको चिया चौताराको विषय रहँदै आएको छ र यसमा थप एउटा टिप्पणी जायजै होला । चौतारीको चिया दोकानमा नै सही, यदि कसैले एमसीसीको पक्षमा बोल्यो भने गोदाइ भेट्ने अवस्था आइरहेको अवस्था छ । यदि गोदाइ भेटेन भने पनि शब्दवाणको तीरले अवश्य घोच्ने छ । एमसीसीको पक्षमा बोल्नु भनेको अमेरिकी साम्राज्यवादको पृष्ठपोषक, डलरको दलदलमा भासिएको दलाल भनेर आक्षेप लाग्दछ । सर्वसाधारणहरूलाई के बुझाइएको छ भने यो सम्झौता अनुमोदन गर्नु भनेको नेपालमा अमेरिकी सेनालाई प्रवेश दिन मार्ग प्रशस्त गर्नु हो ।

यो सम्झौतालाई यति उचालिएको छ कि यसको सबल पक्ष कोही सुन्न पनि तयार छैन । यो सम्झौता र यसबाट प्राप्त हुने राष्ट्रिय लाभहानिको विषयमा छलफल केन्द्रित हुनुको विपरीत यसलाई राजनीतिक तुरूपका पत्ताका रूपमा प्रयोग गरिँदै आएको देखिन्छ । अवस्था कस्तो आयो भने यो सम्झौताको संसदीय अनुमोदन गर्न न त नेपाल कम्युनिस्ट पार्टी एमाले, न माओवादी केन्द्र, न एकीकृत समाजवादी पार्टीहरु कुनै पनि यथास्थितिमा अनुमोदन गर्न सक्ने अवस्थामा छैनन् । यस्तो अवस्थामा संसद्मा रहेको अंकगणितीय हिसाबले यो सहज किसिमले पार लाग्ने पनि देखिँदैन । अर्थात् यो दिनप्रतिदिन असफलतातर्फ गइरहेको प्रतीत हुन्छ ।

नेपालको विकासका लागि अनुदानका रूपमा आउन लागेको ५०० मिलियन अमेरिकी डलर अर्थात् नेपाली रुपैयाँ ५६ अर्बभन्दा बढीको रकम साम्राज्यवादी अमेरिकाले दिने भएपछि सत्तामा टिक्नका लागि एकथरी साम्यवादीहरूलाई चीनको झोला बोक्नुपर्ने अवस्था आएको हुनसक्ने अनुमान गर्न कठिन छैन । त्यसैगरी कसैलाई आफ्नो दादागिरी चलिरहेको ठाउँमा उसलाई सोद्धै नसोधी पैसाको मुठो बोकेर नेपालभित्र छिरेको पनि मन परेको छैन । जसरी हिजो अरुण ३ चेपुवामा परेको थियो आज त्यही मेसोमा यो एमसीसी भन्ने सम्झौता पर्न गएको छ । जसरी अरुण फर्क्यो त्यसैगरी एमसीसी फर्कने सुरसार पनि गर्दै छ ।

यो आलेख लेखिरहँदा एमसीसी वास्तवमा के हो ? के साँच्चिकै यो केही व्यक्तिहरूले भने जस्तो राष्ट्रघाती सम्झौता नै हो त ? एमसीसीमाथि लाञ्छनासहित सोधिएका प्रश्नहरूको जवाफ आइसकेर पनि केही थान विद्वान्हरूले टेलिभिजनको पर्दामा आएर दिएका बयान सुन्दा आफू अराष्ट्रवादीको कित्तामा परिएला भन्ने चिन्ता हुनेरैछ । अमेरिकी अनुदानमा जसरी वाम राजनीतिको अतिराष्ट्रवादी खेलको प्रबलता देखिन्छ, त्यसले अन्ततः राष्ट्रिय स्वार्थमा ठूलै असर पार्ने देखिन्छ ।

सामान्य अर्थमा बुझिएको चाहिँ के हो भने यो पाँच सय मिलियन अमेरिकी डलर सहयोग आयोजना सचारु भएको पाँच वर्षभित्र काम सम्पन्न गरिसक्ने गरी विद्युत् प्रसारण लाइन निर्माण गर्न र सडक विस्तार गर्ने आयोजनाका लागि पछि फिर्ता गर्न नपर्ने गरी दिन खोजिएको अनुदान रकम हो । अर्थात् यो रकमबाट सञ्चालन गरिने आयोजना निर्धारित समयमा सम्पन्न गरिसक्नु पर्दछ । साधारण व्यक्तिहरुका लागि यत्ति बुझ्नु पनि धेरै हो । सम्झौताभित्र अन्तर्निहित सार्वभौमिकता र राष्ट्रियताको अमूर्त व्याख्या सम्झौताको धारा र वाक्यमा खोजीपस्ने काम विज्ञहरूको हो । कुनै एक जना कानुनका जानकार हुँ भन्नेले टेलिभिजनको पर्दामा आएर भने, 'यो सम्झौता पास गरियो भने नेपालका महिलाहरुले गर्भपतन गराउन पाउने छैनन् । त्यसै गरी धर्म परिवर्तन सहज हुनेछ ।' यस किसिमका तुक मिलेको वा नमिलेको बेतुकका कुराहरु के साँच्चिकै विकास सम्झौताहरुमा परेका छन् ? जसरी अमूर्त कुराहरूलाई अतिवादको चस्माले हेरेर सर्वसाधारणलाई गुमराहमा राख्ने काम गर्ने छुट कसैलाई पनि दिइनु हुँदैन त्यसैगरी राष्ट्रिय स्वार्थमा आँच आउने गरी दलीय स्वार्थका लागि कुनै विषयवस्तुलाई प्रश्रय दिइनु पनि उचित होइन ।

नेपालले हालैका वर्षहरुमा अन्तर्राष्ट्रिय सम्बन्धहरुमा दाता राष्ट्रहरुको विश्वास गुमाउँदै गइरहेको हो कि भन्ने देखिन्छ । नेपालमा दुईपक्षीय एवम् बहुपक्षीय सहयोगहरुमा निर्माणाधीन आयोजनाहरु कुनै पनि समयमा सकिएका उदाहरण छैनन् । कुनै यस्तो आयोजना देखाइदिनोस् जुन निर्धारित समयमा सुचारु भएर तोकिएको समयमा नै तोकिएका लागत अनुमानभित्र सम्पन्न भएको होस् । अनि यस्तो आयोजना देखाइदिनोस् जहाँ राजनीतिक कारणले आयोजनामा असर नपरेको होस् । चमेलिया हाइड्रो र मेलम्ची आयोजना नै पर्याप्त छैन र यी कथाहरूलाई प्रमाणित गर्न ।

यसरी विश्वास गुमाइरहेको अवस्थामा दाताले यति ठूलो परिमाणको रकम लगानी गर्दा आयोजनाले लक्ष्य गरेको उपलब्धि तोकिएको समय र लागत मूल्यमा प्राप्त होस् र लक्षित वर्ग र समुदायले त्यसको लाभ पाऊन् भनेर कामना गर्नु अनुचित त होइन । नेपाललाई दिइने यो अनुदान रकमबाट मुलुकले परिकल्पना गरेको विकासको निर्दिष्ट लक्ष्य हासिल गरोस् र विकासको पथमा यो एउटा कोसेढुंगा साबित होस् भनेर दाताले चाहना राख्नु अन्यथा होइन । साथै आवश्यकताभन्दा अधिक राजनीतिकरणग्रस्त, ढिलासुस्ती, भ्रष्टाचार, नातावाद र कृपावादको फेरोमा जकडिएको नेपालको प्रशासनिक संयन्त्रमा यस किसिमको सम्झौतालाई संसदीय निर्णयबाट अनुमोदन प्राप्त गरी सबै राजनीतिक दलहरूले अपनत्व ग्रहण गरुन् भनी चाहना राख्नु पनि उचित नै त होला ।

अनुदानदाताले दिने रकम उसको कर दाताले तिरेको करको रकम सही ठाउँमा सदुपयोग होस् भन्ने उसको चिन्ता जायजै मान्न सकिन्छ । अनुदान लिने नलिने नेपालको स्वेच्छाको कुरा हो । यदि सम्झौता मुलुकको हितमा छैन भनेर प्रमाणित हुन्छ भने यस किसिमको सम्झौता गर्ने माथि पनि कारबाही गरिनु पर्दछ । तर 'माछा देखे दुलाभित्र हात, सर्प देखे दुलोबाहिर'जस्तो गरी दलीय स्वार्थलाई मात्र प्राथमिकता दिएर राष्ट्रमाथि घात हुन नजाओस् ।

राष्ट्रिय दलका रुपमा मान्यता प्राप्त राजनीतिक दलहरु नेपाल कम्युनिस्ट पार्टी एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीले दलको आधिकारिक धारणाबाहिर ल्याइसकेको अवस्थामा पछाडि फर्केर सम्झौताको अनुमोदन गर्लान् भनेर विश्वास गर्न कठिन छ । दाताले नै सम्झौताको परिमार्जन सम्भव नभएको भनेरसमेत भनिसकेको अवस्थामा यसमाथि पुनर्विचार हुने सम्भावना पनि टरेर गइसकेको छ । अबको अवस्था भनेको कि त सम्झौता जे जस्तो अवस्थामा छ सोही अवस्थामा अनुमोदन गर्नु या अनुदान अस्वीकार गर्नु मात्र हो । यस्तो अवस्थामा कुनै चामत्कारिक घटनाले बाहेक यो सम्झौता संसद्बाट अनुमोदन हुन सक्ने देखिँदैन ।

सरकारमै सहभागी एउटा प्रमुख दल साथै सम्झौता गर्दाको बखत पनि सत्ता साझेदार नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्षले यथास्थितिमा यो सम्झौता अनुमोदन नगर्ने अभिव्यक्ति दिइसकेका छन् । त्यसै गरी अर्का सत्ता साझेदार नेकपा (एकीकृत समाजवादी) ले पनि सम्झौताको विपक्षमा रहेको अभिमत जाहेर गरिसकेका छन् । प्रमुख प्रतिपक्षी दल सत्ता गुमाउन परेका पीडामा नै रहेकाले सत्तासीनहरूप्रति वक्रदृष्टि हुने नै भयो । प्रतिपक्षको सहयोग लिएर सम्झौता अनुमोदन गराउँदा सरकार स्वयं संकटमा पर्ने निश्चित छ । प्रमुख प्रतिपक्ष सत्तापक्षबीच यही एमसीसीको विषयलाई लिएर विखण्डन आओस् र असफल होस् भन्ने कामनासमेत गरिरहेको अवस्था देखिन्छ ।

एमसीसी सम्झौताको विरोधको अन्तर्यमा गएर हेर्ने हो भने यो सम्झौता नेपाली राजनीतिक दलहरुका लागि विकासको अजेन्डाभन्दा पनि राजनीतिक अजेन्डाका रुपमा स्थापित हुने मौका पाएको छ । अर्थात् यसलाई राजनीतिको एउटा गतिलो औजारका रुपमा प्रयोग गर्न खोजिएको छ । राजनीतिक अजेन्डा भएपछि यसमा दृश्य अदृश्य शक्तिहरुले खेल्ने अवसर समेत पाउने नै भयो । दुई विशाल छिमेकीहरुको क्रीडास्थलमा तेस्रो पक्ष हाबी भएको हेर्न जतिसुकै शब्दाडम्बरले छोपे पनि छिमेकीको अप्रसन्नता देखिन्छ नै । फेरि आफ्नो घरको निर्णय आफैं गर्न सक्षम नभएको भन्ने भएपछि छिमेकीको राय सल्लाहले ठाउँ पाउँछ नै ।

नेपाली राजनीतिक दलहरु मूलतः वामपक्ष भनिएकाहरुले यो समस्या भनेको नेपाली कांग्रेसको मात्र हो भने जसरी लिइरहेको देखिन्छ । यो सम्झौतामा हस्ताक्षरकर्ता नेपाली कांग्रेसको तत्कालीन अर्थ मन्त्री भएको कारणले यस किसिमको धारणा रहेको हुन सक्दछ । एमसीसीलाई नेपाली कांग्रेससँग जोडेर यसको विरोध गर्नुको परोक्ष कारण आगामी निर्वाचन लक्षितसमेत देखिन्छ । आगामी निर्वाचनका लागि मतदाताहरूलाई आफूतर्फ आकर्षित गर्नका लागि एमसीसी एउटा बलियो अस्त्र हुने देखिएको छ । यो मुद्दालाई तन्काएर लानसके राष्ट्रवादको पाइन चढाएर विपक्षीलाई परास्त गर्न सकिने सम्भावनाको आंकलन गरिएको हुन सक्दछ ।

तर केही महिनाभित्र नै एमसीसी फिर्ता गएको अवस्था आए पनि त्यसको धङधङी चुनावको समयमा पूरापूर प्रयोग गरिने छ । एमसीसी भनेको राष्ट्रघाती सम्झौता हो भनेर भाष्य निर्माण गरिसकेको अवस्थामा यसलाई मत आकर्षणको गतिलो हतियार बनाइनेछ । एमसीसी सम्झौतामा केही असजिला, असहज र अरुचिकर विषय नभएका भने हैनन् । यद्यपि, केही बुद्धिजीवीहरुले भनेको जस्तो नेपालको सार्वभौमिकता र संवैधानिक सर्वोच्चतामा नै असर पर्ने गरी गरिएको सम्झौता हो जस्तो भने लाग्दैन । जहाँसम्म नेपालमा अमेरिकी सेनाले प्रवेश पाउँछ भन्ने सवाललाई उचालिएको छ त्यसको आधार त देखिँदैन, तर विश्वको महाशक्ति राष्ट्रले चाहेको अवस्थामा साना र सामरिक शक्ति कमजोर भएका राष्ट्रहरु त्यसको मारमा पर्न सक्दछन् चाहे त्यो सम्झौता गरेर होस् या सम्झौता नगरीकन नै ।

अमेरिकासँग नेपालको सामरिक सम्झौता भएको कुनै प्रमाण छैन । अर्थात् नेपाल अमेरिकाको सैनिक गठबन्धनमा छैन । हिजो पनि थिएन र आज पनि छैन । तर नेपालको जमिन सामरिक प्रयोजनका लागि उसले प्रयोग गरेको इतिहास भने छ । साठीको दशकमा चीनविरुद्ध तिब्बती खम्पाहरुले विद्रोह गरिरहेको अवस्था थियो । ती खम्पा विद्रोहीलाई अमेरिकाले तालिम र हतियार उपलब्ध गराएको थियो । सोही समयमा खम्पाहरूले मुस्ताङको केही भागबाट तिब्बतमा हमला गर्न प्रयोग गरेका थियो । कलंकीभन्दा केही माथिको स्युचाटार विमानस्थल प्रयोग गर्दै अमेरिकाले खम्पाहरुका लागि हतियार उपलब्ध गराएको थियो । नेपालले चाहेर त्यो काम भएको थिएन । तर उसले नेपालको कमजोरीको फाइदा लिँदै सामरिक प्रयोग गरेको थियो ।

यहाँ भन्न खोजेको के हो भने शक्तिसम्पन्न राष्ट्रहरु चाहे त्यो अमेरिका होस्, चीन या भारत उसको समारिक हितका लागि कमजोर छिमेकी राष्ट्रको सार्वभौमिकतामाथि थिचोमिचो गर्न पछि पर्दैनन् । यस्तो अवस्थामा नेपालले गर्न सक्ने भने सुविचारित कूटनीतिको सफल प्रयोग मात्र हो । नेपाल आफैंको सामरिक सैन्य क्षमता भएको भए त कालापानीमा जबर्जस्ती नेपाली भूमि अतिक्रमण गरेर बसेको भारतीय सेनालाई हटाएर लिम्पियाधुरा, लिपुलेक र कालापानीमा आफ्नो वर्चस्वसहितको प्रशासन चलाइरहेको हुने थियो । अतः एमसीसी सम्झौतालाई संसदीय अनुमोदन दिनु भनेको अमेरिकी हस्तक्षेप निम्त्याउनु हो भन्ने भनाइ अलि अतिशयोक्ति लाग्छ । *(इकागजबाट)*

# राजा 'डुबे', नेताहरु 'डुब्दैछन'


सन्जय घिमिरे

केही साताअघि म बसेकै अमेरिकी शहर डयालसमा नेपालका फरक क्षेत्रका दुई चर्चित व्यक्तिहरु आए । पूर्व प्रधानसेनापति रुक्माङ्गत कटुवाल र डा. गोविन्द केसी । दुबैले नेपालमा सुशासनको अभावको कुरा गरे । पूर्व प्रधानसेनापति रुक्माङ्गत कटुवालसँग प्रत्यक्ष गफिने अवसर मिल्यो, एक अपरान्ह । झण्डै डेढ घण्टाको गफमा उनले कतिपय सन्दर्भमा राजा महेन्द्रको नाम लिए- महेन्द्र यस्ता थिए, उस्ता थिए ।

कटुवाल भनिरहेका थिए- राजा महेन्द्र जो, आफ्ना आलोचकहरुलाई समेत आफ्नै वरिपरि राखिरहन्थे । दरबारका पारिवारिक जमघटहरुमा समेत उनले राजेश्वर देवकोटा वा कीर्तिनिधि विष्टलाई एउटा कुनामा बस्न लगाउँथे । अरुहरु ह्विस्की पिइरहेका हुन्थे । देवकोटा भने कुनामा चुपचाप बसेर घोत्लिइरहेका हुन्थे, चिया लिएर । जब जमघट सकिन्थ्यो, अनि महेन्द्र देवकोटालाई सोध्थे- ल भन, तिमीलाई के भन्नु छ ?

देवकोटा जवाफ दिन्थे- सरकार, यो यो कुरा त ठिकै हो, तर यो यो कुरा त गर्नु हुँदैन सरकार । राजेश्वर देवकोटाको यस्तै 'आलोचनात्मक चेत' बाट प्रभावित भएर होला शायद, महेन्द्रले दियालो बंगलामा जानु र मृत्युवरण गर्नुअघि वीरेन्द्रलगायत राजपरिवारका अन्य सदस्यहरुलाई भनेका थिए- जब देशमा ठूलो आपत विपत आउँछ, तब राजेश्वर देवकोटा र कीर्तिनिधि विष्टसँग सल्लाह लिनु । शायद आफ्ना पिताको त्यही सल्लाह सम्झेर ज्ञानेन्द्रले आफुले शासन लिएपछि कीर्तिनिधि विष्टको सल्लाह र सहयोग लिन खोजे पनि, जुन सफल भएन ।

समय फरक परिसकेको थियो वा यसो पनि हुनसक्छ- जतिबेला ज्ञानेन्द्रले सत्ता हातमा लिए र विष्टमा भर परे, त्यतिबेला विष्टले देवकोटाको जस्तो 'आलोचनात्मक चेत' गुमाइसकेका थिए । कटुवालको विचारमा महेन्द्र जस्तो आफ्ना आलोचकहरु व गाली गर्ने मान्छेहरु आफ्ना वरिपरी नराखेकै र उनीहरुका कुरा नसुनेकै कारण ज्ञानेन्द्र 'डुबे' । कटुवाल आफुले भने 'चिफ' हुँदा आफुलाई गाली गर्ने एउटा टोली नै बनाए । उनकै भनाइमा गाली गर्ने टोलीमा राजनीतिज्ञ, पत्रकार, कुटनीतिज्ञ, अर्थविद र व्यापारी एक-एक जना थिए । उनी साताको एकपटक उनीहरूबाट गाली सुन्थे रे ।

उनी मसँग भनिरहेका थिए, 'मलाई मनमा लागेको एउटा कुरा के भने नेतृत्वमा बस्नेका लागि एउटा गाली गर्ने टोली असाध्यै जरुरत र महत्वपूर्ण हुनेरहेछ । गाली सुन्ने गुण नेतामा हुनुपर्छ । तर नेपालमा ठूलो मान्छेलाई नराम्रो कुरा सुनाउँदै नसुनाउने चलन छ।' मन्त्री बिरवलले राजा अकबरलाई सभामा गाली गर्ने गरेको र त्यसलाई अकबरले सहज रुपमा लिने गरेको प्रसंगहरु पनि कटुवालले कोट्याए । संयोग भनौं कि के भनौं, कटुवालको कुरा सुनेको एक साता नबित्दै नेपालमा एमालेको विधान महाधिवेशनमा देवत्वकरण गरिएका र पोलदेखि बोत्तलसम्म टाँसिएका खड्गप्रसाद ओलीका तस्वीरहरु देखें ।

मलाई थाहा छैन- ठूला साना पोष्टरहरुमा समेत टाँसिन रमाउने ओलीले कति गाली सुन्ने धैर्यता राख्छन ? सुन्ने भनेको सुन्ने मात्र होइन, त्यसलाई मनन गर्ने र सच्याउने पनि हो । नेपालमा आजसम्म कुनै नेताले गल्ती भयो भनेर आत्मालोचना गरेको मलाई थाहा छैन । अक्सर नेपाली नेताहरुले गल्तीहरुमा पनि लिंडेढिपि गरेको देखेको र सुनेको मात्र छु । गल्ती भएको स्वीकार्नै परे, 'फरक सन्दर्भ' भनेर ती आफ्नो अहमको अझै वचाव गर्छन् ।

एकछिन है त, प्रचण्डले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति नबनाएर गल्ती गरियो चाहिँ प्रष्ट भनेका छैन है । यो एउटा मात्र उदाहरण हो, जुन मेरो नोटिसमा छ । प्रधानमन्त्री पत्नी आरजु राणाले कतै भनेको पढिरहेको थिएँ- शेरबहादुर देउवाको छिट्टै रिसाउने बानी छ । हो त, प्रधानमन्त्री देउवा त झन 'झोकी' छन् । यिनले गाली के, सुझाव के समेत छुट्याउन सक्दैनन् । जो गाली र सुझाव छुट्याउन सक्दैन र जसले आफ्ना वरिपरी भजन मण्डली खडा गरेर रात दिन धुनी जगाउँछ, उसको नियति भनेको 'डुब्ने' नै हो ।

हो, कटुवालले ठिक भनेका हुन्, आफुले सचेत गराउने मान्छे वरिपरी नराखेकै कारण ज्ञानेन्द्र 'डुबे'का हुन् । सन् २००६ मा बंगलादेशको ढाकामा भएको सार्क सम्मेलनमा भाग लिने सरकारी टोलीमा 'काकताली' ले म पनि थिएँ, जसको नेतृत्व गरेका थिए तत्कालीन राजा ज्ञानेन्द्रले । सम्मेलनको उद्घाटन सत्र सकिएको साँझ राजा ज्ञानेन्द्रले टोलीमा समावेश पत्रकारहरुलाई भेट्न चाहे । पंक्तिवद्ध रुपमा हामी बस्यौं । एक एक गर्दै उनले हामीलाई भेट्दै गए । र, कुरा सुन्दै गए । *(नेपालखबरबाट)*

# नायिकाको व्यवसाय : घरजग्गा कारोबारदेखि रेस्टुरेन्टसम्म

हिरो, हिरोइन, निर्माता, निर्देशक हुन् वा गायन क्षेत्रका कयौँ सेलिब्रेटी अचेल फरक धन्दामा जोडिएका छन् ।

पछिल्लो समय महामारीको रूपमा फैलिएको कोरोनाले समेत उनीहरूलाई वैकल्पिक काममा जोडिन बाध्य पारेको छ । कलाकारिताको आम्दानीले जीवन सहज नहुने देखेर कतिपयले कोरोना महामारीभन्दा अगाडि नै वैकल्पिक काम थालेका छन् भने कोही कोरोना महामारीका कारण आम्दानी प्रभावित भएपछि अन्य पेसा तथा व्यवसायमा जोडिन बाध्य भएका छन् । कलाकारिता बाहेकका फरक काम गर्नेमा थुप्रै अभिनेत्री पनि छन् । उनीहरू रेस्टुरेन्ट, व्यापार व्यवसाय, घरजग्गा कारोबार लगायतमा आबद्ध भएका छन् ।



यस्ता छन् अभिनेत्रीका साइड बिजनेस

**करिश्मा मानन्धर (अभिनेत्री)**

नेपाली फिल्म क्षेत्रमा सदाबहार अभिनेत्रीको छवि बनाएकी अभिनेत्री करिश्मा मानन्धरले केही अघि इलेक्ट्रोनिक्स सामानको व्यवसाय सुरु गरेकी छन् । इन्टेक्स ब्रान्डका इलेक्ट्रोनिक्स सामान नेपाली बजारमा पहिलो पटक भित्रयाएर उनले व्यवसाय थालेकी हुन् ।

रिसिक ट्रेडिङ कन्सर्नमार्फत उनी हरेक परिवारका लागि आवश्यक पर्ने इलेक्ट्रोनिक्स सामान उपलब्ध गराउने गर्दछिन् । अभिनयको अलावा जीविकोपार्जनका लागि अर्को काम पनि आवश्यक रहेकोले इलेक्ट्रोनिक्स बिजनेस थालेको उनको भनाइ छ । व्यवसायमा हात हाले पनि अभिनयलाई समेत निरन्तरता दिने उनले बताइन् ।

**दीपाश्री निरौला (अभिनेत्री, निर्देशक) :** हिट फिल्म 'छक्का पञ्जा' सिरिजकी निर्देशकसमेत रहेकी अभिनेत्री दीपाश्री निरौलाले पछिल्लो समय अभिनेता दीपकराज गिरीसँग मिलेर नयाँ बानेश्वरमा एक फिल्म हल सञ्चालनमा ल्याउँदैछिन् । उक्त फिल्म हलको निर्माण कार्य जोडतोडले अगाडि बढिरहेको छ । त्यस्तै, लाजिम्पाट र नयाँ बानेश्वरस्थित 'चिया अड्डा' मा पनि उनको सहकार्य छ । फिल्म निर्माण, अभिनय र निर्देशनमा सक्रिय रहँदै आएकी उनी कलाकारिताको अलावा कलाकारकर्मीका लागि वैकल्पिक आम्दानीको बाटो आवश्यक रहेको बताउँछिन् ।

**शिल्पा मास्के (अभिनेत्री) :**

अभिनेत्री शिल्पा मास्के पनि पछिल्लो समय रेस्टुरेन्ट व्यवसायमा आबद्ध छिन् । ललितपुरको कुपन्डोलमा उनको 'दुक्दोसारङ' नाम गरेको रेस्टुरेन्ट छ । हेमराज बिसी निर्देशित 'ब्रेकअप' बाट फिल्म अभिनयमा डेब्यु गरेकी उनी 'कागजपत्र'मा पनि देखिएकी थिइन् । पछिल्लो समय रेस्टुरेन्ट व्यवसायको अलावा छोटा फिल्म, व्यावसायिक विज्ञापनमा पनि उनी व्यस्त छिन् । रेस्टुरेन्ट व्यवसायमा पहिलेदेखि नै रुचि रहेकाले यसमा आबद्ध भएको उनी बताउँछिन् ।

**खुस्बु खड्का (अभिनेत्री) :** केही समय यता अभिनयबाट टाढा रहेकी अभिनेत्री खुस्बु खड्का स्वास्थ्य सामग्रीको व्यवसायका अलावा 'रियलस्टेट' लगायत काममा व्यस्त छिन् । कोरोना महामारीको समयमा विभिन्न स्थानमा मास्क र सेनिटाइजर नि:शुल्क समेत बाँडेकी उनले समाज सेवाको क्रममा व्यक्ति तथा संस्थाले मास्क सप्लाईको डिमान्ड गरेका कारण यसैको व्यवसाय थालेकी हुन् ।

सिम्पल खालको मास्क सर्वसाधारणका लागि नि:शुल्क उपलब्ध गराएकी उनले व्यवसायी तथा ठूलाबडाका लागि गुणस्तरीय अभिनेत्री वर्षा राउत पनि व्यवसायमा आबद्ध छिन् । वर्षाले दीपकराज गिरी, दीपाश्री निरौला र संजोग कोइरालासँगको सहकार्यमा लाजिम्पाटमा 'चिया अड्डा नामक कफी सप सञ्चालनमा ल्याएकी छन् । सन् २०१८ मा नयाँ बानेश्वरस्थित शंखमूल जाने बाटोमा खुलेको 'चिया अड्डा' अहिले बन्द गरेर लाजिम्पाटमा र बानेश्वरको पानी ट्याङ्की नजिकै सुरु गरेकी छन् । वर्षा दरबारमार्गमा रहेको 'गेजु' चाइनिज रेष्टुरेन्टमा समेत आबद्ध छिन् । काम, टाइम पास र आम्दानी पनि हुने उद्देश्यले 'चिया अड्डा' लगायतमा आबद्ध भएको उनको भनाइ छ ।

**केकी अधिकारी (अभिनेत्री) :** अभिनेत्री केकी अधिकारी पनि कलाकारिताको अलावा टेलिभिजन कार्यक्रम निर्माण गर्ने गर्दछिन् । बहुचर्चित टेलिभिजन रियालटी शो 'कमेडी च्याम्पियन'को उनी निर्माता हुन् । अभिनेत्री, मोडलको अलावा उनी फिल्म निर्माताको रूपमा पनि चिनिएकी छन् । पछिल्लो समय उनले दीपक श्रेष्ठको निर्देशन रहेको फिल्म घिन्ताङ' को अभिनय सकाएकी छन् ।

**श्वेता खड्का (अभिनेत्री) :** अभिनेत्री श्वेता खड्का पनि कलाकारिताको अलावा बिजनेशमा आबद्ध छिन् । दरबारमार्गस्थित राइजिङ मलमा उनको 'हिमालयन जाबा' नामक रेस्टुरेन्ट छ । उनको अर्को पेसा इन्टिरियल डिजाइनिङ पनि हो ।

उनको 'अल्टिमोडिल' भन्ने अनलाइन व्यवसाय पनि छ । यसको अलावा उनको पुतलीसडकस्थित स्टरमलमा 'ट्रिकी एण्ड पिंक्सी' भन्ने एक ट्रेनिङ सेन्टर पनि छ । उनी फिल्म अभिनयको अलावा निर्माण समेत गर्ने गर्दछिन् ।

*(साभार-रातोपाटी)*

# छानबिन समितिबाट स्थलगत अध्ययन

काठमाडौँ, (रासस) / बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनियमितता छानबिनका लागि गठित उच्चस्तरीय छानबिन समितिले काम थालेको छ ।



स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाको संयोजकत्वमा गठित उक्त समितिले धरानमा नै पुगेर स्थलगत अध्ययनका साथै सरोकारवालासँग छलफल गरी प्रतिवेदन तयार गर्ने छ । त्यसका लागि उक्त समितिका संयोजक स्वास्थ्य तथा जनसंख्यामन्त्री खतिवडासहितका टोली आज बिहान धरान प्रस्थान गरेको छ ।

प्रतिष्ठानका कुलपति समेत रहेएका प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष २१ दिनभित्र प्रतिवेदन बुझाउने गरी जिम्मेवारी पाएको समितिमा संयोजक खतिवडा साथै सदस्यमा मन्त्रालयका सचिव डा रोशन पोखरेल र स्थानीय जन प्रतिनिधिका तर्फबाट सिनेट सदस्य एवं धरान उपमहानगरपालिकाका प्रमुख तिलक राई छन् ।

सहकुलपतिस्तरीय छानबिन समितिले स्थलगत अध्ययन गर्ने र सम्भव भएसम्म निर्धारित २१ दिनभन्दा पहिले नै प्रतिवेदन बुझाउने योजना बनाएको मन्त्री खतिवडाले बताउए । सो समितिलाई उक्त प्रतिष्ठानमा भएको विवाद अध्ययन गरी सुशासन, पारदर्शिता र यसअघिका अनियमितता सम्बन्धमा दोषी ठहर भएका व्यक्तिलाई निलम्वनको सिफारिस सम्मको अधिकार छ । कुलपतिस्तरीय निर्णयबाट सो समिति गठन गरिएको हो । चौबीस जना सिनेट सदस्यमध्ये एक चौथाइले कुलपतिसमक्ष छानबिनका लागि लिखित निवेदन दिएपछि कुलपतिको हैसियतले प्रधानमन्त्री देउवाले उक्त छानबिन समिति गठन गरेका हुन् । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान २०४९ को ११ (घ) अनुसार सो छानबिन समिति गठन गरिएको हो ।

ऐनमा प्रतिष्ठानको उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रार र अस्पताल निर्देशकल आफ्नो पदअनुसारको दायित्व पूरा गरेको छैन भनी परिषद्का तत्काल कायम रहेका एक चौथाइ सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सहकुलपतिको अध्यक्षतामा परिषद्का दुई जना सदस्यसमेत रहेको छानबिन समिति गठन गर्ने उल्लेख छ । समितिले आवश्यक छानबिन गरी अफ्नो प्रतिवेदन परिषद्समक्ष पेश गर्ने र उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनमा पदाधिकारीले पदअनुसारको दायित्व पूरा गरेको छैन भन्ने उल्लेख गरेको भए सो सम्बन्धमा परिषद्मा छलफल हुँदा निजले पदअनुसारको दायित्व पूरा नगरेकाले पदबाट हटाउने भनी परिषद्को पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित प्रस्ताव कुलपतिसमक्ष पेश भएपछि कुलपतिले ती पदाधिकारीलाई पदबाट हटाउनुपर्ने व्यवस्था रहेको मन्त्रालयका कानुन शाखाका उपसचिव मानबहादुर बस्नेतले जानकारी दिए ।

यसअघिसमेत २०७८ साउन १९ गते प्रतिष्ठानस्थित सङ्घर्ष समिति र वार्ता समितिबीच प्रतिष्ठानमा देखिएको विवाद केही हदसम्म समाधान भएको थियो । उक्त सहमतिका लागि मन्त्रालयका तर्फबाट डा कृष्णप्रसाद पौडेल, मानबहादुर बस्नेत र देवराज भण्डारीले सहजीकरण गरेका थियो ।

त्यतिबेला स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शुद्धीकरण अभियान, संयुक्त सङ्घर्ष समितिबीच छ बुँदे सहमति भएको थियो । त्यसयता सङ्घर्ष समितिले घोषणा गरेका सङ्घर्षका कार्यक्रम स्थगन गरी प्रतिष्ठानबाट प्रदान गरिने सेवा सञ्चालन भएका थिए ।

त्यस्तै बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ११ (घ) मा व्यवस्था भएअनुरुप चारैजना पदाधिकारीलाई पदबाट हटाउन सकिने व्यवस्थामा उल्लेखित प्रक्रिया सुरु गर्ने र अब उप्रान्त, प्रतिष्ठानमा पदाधिकारी नियुक्तिका लागि मापदण्डसहितको कार्यविधि तर्जुमा गर्ने दुई पक्षबीच सहमति भएको थियो ।

# रात्रिकालीन अवतरण गर्ने हेलिप्याड निर्माण

जाजरकोट/(रासस) तीन मुख्य राजमार्गको बीचमा पर्ने जाजरकोटमा नेपाली सेनाले राति पनि हेलिकप्टर अवतरण गर्न मिल्ने हेलिप्याड निर्माण गरेको छ ।

नेपाली सेनाको चन्दननाथ गणले श्रमदानसहित नौ लाखको लागतमा राति पनि सजिलै हेलिकप्टर अवतरण गर्न मिल्ने हेलिप्याड निर्माण गरेको चन्दननाथ गणका गणपति प्रमुख सेनानी श्यामशरण गोतामेले बताए । भेरी नगरपालिकाको सहकार्यमा उक्त हेलिप्याड निर्माण गरिएको उनको भनाइ थियो ।

पटकपटक बाढीपहिरो तथा अन्य प्रकृतिक प्रकोपबाट समस्या भोग्दै आएका जाजरकोटवासीले उद्धार तथा व्यवस्थापनमा रुकुमको चौर जहारीस्थित विमानस्थल प्रयोग गर्दै आएका थिए । हेलिप्याड निर्माणसँगै अब जिल्लाभित्रबाट उद्धार तथा राहतका कामहरु रात्रिकालीन अवस्थामा सजिलै गर्न सकिने भएको छ । हेलिप्याडको अभावमा वर्षौंदेखि रुकुम पश्चिमको चौरजहारी विमानस्थलनै प्रयोग गर्नुपर्दा बिरामीको अवस्था झन जटिल हुनाका साथै लामो दूरी पार गर्नुपरेकाले राहतको काममा समेत ढिला हुँदै आएको थियो ।

सुरक्षा एवं हेलिप्याडको हेरचाहका लागि सेना नै अग्रसर हुने भएकाले उक्त हेलिप्याड गणभित्र निर्माण गरिएको हो । श्री नं ४ वाहिनी पति सहायक रथी हरेन्द्र पाठकले उक्त हेलिप्याड उद्घाटन गरेका थिए ।

विभिन्न दुर्घटनादेखि विपत्ति एवं महामारीका बेलामा रातको समयमा समेत आपत्कालीन अवस्थाका र सिकिस्त बिरामीलाई हेलिकोप्टरबाट उद्धार गरी ज्यान बचाउन एवं विपत्को समयमा पीडितहरुको उद्धार एवं उनीहरुलाई राहत वितरण कार्यमा उक्त हेलिप्याडले सहयोग पुऱ्याउने प्रमुख सेनानी गोतामेले बताए ।

हेलिप्याडको अभावमा वर्षौंदेखि रुकुम पश्चिमको चौर जहारी विमानस्थलनै प्रयोग गर्नुपर्दा बिरामीको अवस्था झन जटिल हुनाका साथै लामो दूरी पार गर्नुपरेकाले राहतको काममा समेत ढिला हुँदै आएको थियो ।

अघिल्लो वर्ष बारेकोट गाउँपालिका-४ सार्कीटोलमा बाढीपहिराबाट भएको मानवीय क्षतिको बेला नेपाली सेना नै पहिले घटनास्थलमा पुगेको थियो ।

# टिकट नपाउँदा विमानस्थलबाटै फिर्ता भए बिरामी

सिमकोट, (रासस) / जिल्ला अस्पताल हुम्लाबाट सिफारिस गरी स्टेचरमा बोकेर सिमकोट विमानस्थलमा पुऱ्याइएका एक जना बिरामीले उपचारका लागिका जिल्ला बाहिर जाने टिकट नपाउँदा सोमबार विमानस्थलबाटै फिर्ता भएर सिमकोटमा रोकिनुपरेको छ ।



जिल्लाको खार्पुनाथ गाउँपालिका-१ प्युस घर भएका दीर्घरोगी ६० वर्षीय वीरजित शाहीले हवाई टिकट नपाउँदा विमानस्थलबाट फिर्ता हुनुपरेको हो । उपचारका लागि छोरा दीर्घ शाहीले सुर्खेत लैजानका लागि सोमबार तारा एयरमा टिकट काटेको भए पनि उडान नभएर बिरामी शाहीले सिमकोटमै रोकिनुपरेको हो । जिल्ला अस्पताल हुम्लाबाट सिफारिस गरिएका बिरामीका आफन्तले टिकट नपाएपछि एयर पोर्टबाटै बिरामी फर्काइएको छ ।

बिरामी वीरजितले मात्र टिकट पाएको भए पनि बिरामीसँगै जाने कुरुवाले टिकट नपाएपछि उनीहरू हुम्ला विमानस्थलबाट फर्किन बाध्य भएका हुन् । 'बिरामी बुवालाई कसको साथ लगाएर अस्पताल पठाउने, त्यसैले हामी फर्कियौँ दीर्घले गुनासो गरे । यस्तै विद्यार्थी, बिरामी, काम विशेषले जिल्ला बाहिर जाने यात्रुले हप्तौँ दिनदेखि निजी हवाई सेवा कम्पनीका कार्यालय धाउँदा पनि टिकट नपाएको गुनासो गरेका छन् ।

नेपालगञ्ज, सुर्खेतबाट उडान भर्दै आएका निजी एयर सीता, तारा र समिटले नियमित उडान नभर्दा जिल्ला बाहिरिने हुम्लीले सास्ती खेप्नुपरेको छ । अन्य समय बिहानदेखि बेलुकासम्म दैनिक १० भन्दा उडान भर्ने निजी एयरले यो समय एकमात्रै उडान गर्दा बिरामीदेखि अन्य सर्वसाधारणले सास्ती खेप्नुपरेको छ ।

सीता, समिट, ताराले दैनिक एक उडान भरे पनि विद्यार्थी, बिरामीलाई प्राथमिकता नदिएर फोनका आधारमा टिकट विरतण गरेको जनगुनासो आउने गरेको छ । आफन्त र चिनजानका आधारमा दसैँ, तिहारको समय टिकट वितरण हुँदा अन्य सर्वधारण मर्कामा परेका छन् ।

# पुष्प व्यवसायमा युवाको आकर्षण

चितवन, (रासस) / जिल्लामा पछिल्लो समय पुष्प व्यवसाय गर्नेहरूको सङ्ख्या बढ्दै गएको छ ।

यो व्यवसायमा यहाँका युवा आकर्षित भएका छन् । भरतपुर महानगरपालिका-७ मा दुई युवा मिलेर जग्गा भाडामा लिई पुष्प व्यवसाय गर्दै आएका छन् ।

अजय यादव र सागर कार्कीले संयुक्तरूपमा एक बिघा १० का जग्गा भाडामा लिएर २१ का जग्गामा फूलखेती गरेका छन्। अहिले उनीहरूको बारीमा सयपत्री फूल ढकमक्क फुलेका छन् ।

कृषिमा अध्ययन गरेका यादव र इन्जीनियरीङ पढेका कार्की विगत चार वर्षदेखि पुष्पखेतीमा लागेका हुन् । सुरुआती वर्ष प्रयोगका लागि १०० वटा बिरुवा रोपेर व्यवसाय सुरु गरेका यादव र कार्की अहिले एक बिघाभन्दा बढी क्षेत्रफलमा पुष्पखेती गर्दै आएका छन् ।



कृषिमा अध्ययन गरेका यादव र इञ्जीनियरीङ पढेका कार्की विगत चार वर्षदेखि पुष्पखेतीमा लागेका हुन् । सुरुआती वर्ष प्रयोगका लागि १०० वटा बिरुवा रोपेर व्यवसाय सुरु गरेका यादव र कार्की अहिले एक बिघाभन्दा बढी क्षेत्रफलमा पुष्पखेती गर्दै आएका छन् ।

भाडामा लिएको जग्गामध्ये २१ कठ्ठामा उनीहरूले व्यावसायिकरूपमा सयपत्री पुष्प व्यवसाय गरको छन् भने अन्यमा नर्सरी र अध्ययनका लागि काम गरिरहेका छन् । यादवका अनुसार माली दाइ एग्रो इनोभेशन प्रालि नाम दिएर उनीहरूले कुन मौसममा सयपत्री फूललाई कसरी लगाउन सकिन्छ भन्ने विषयमा अध्ययन गरि रहेका छन् । यादवले भने, "व्यावसायिकरूपमा खेती गर्दा अध्ययन आवश्यक भएकाले अध्ययनको काम पनि सँगै अघि लगिएको छ ।"

अध्ययन गर्ने क्रममा करोडौँको फूल नेपाल भित्रने भन्ने सुनेपछि आफूहरूले त्यसको बजार प्रतिस्थापनका लागि यो व्यवसाय अँगालेको उनले बताए । उनले सम्झे, "एक सय बिरुवाबाट सुरुआतीमा १० हजार नाफा भएको थियो । त्यसैको प्रेरणाले अहिले व्यावसायिकरूपमा गरियो ।" उनीहरुरूले दोस्रो वर्ष तीन कठ्ठा जग्गामा र तेस्रो वर्ष छ कठ्ठा जग्गामा पुष्प व्यवसाय गरेका थिए । दोस्रो वर्षमा एक लाख र तेस्रो वर्षमा दुई लाख नाफा भएपछि उनीहरूलाई यो व्यवसाय गर्न प्रोत्साहन मिलेको यादवले बताए । कार्कीका अनुसार सयपत्री फूलमा अहिलेको चार महिनामात्रै व्यापार हुने गरेको छ । यसलाई १२ महिना नै व्यवसाय कसरी गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्न लागिएको छ ।

यस कम्पनीले अहिले १० हजार मालाको व्यापार गर्ने लक्ष्य लिएको उनले जानकारी दिए । यहाँबाट फूलका बिरुवासमेत बिक्री वितरण गरिएको थियो । पुष्प व्यवसायमा शीतभण्डार नहुँदा यसलाई लामो समयसम्म राख्न नसक्नु मुख्य समस्याका रूपमा रहेको व्यवसायीले बताएका छन् ।

लारिकलचार एशोसिएशन नेपाल चितवनका कोषाध्यक्ष शुलभ श्रेष्ठ अहिले यो व्यवसायमा युवापुस्ताको आकर्षण बढेको बताउछन् । विगत आठ वर्षदेखि उज्ज्वल नर्सरीको नाममा पुष्प व्यवसाय गर्दै आएका श्रेष्ठले अहिले तीन बिघा क्षेत्रफलमा फूलखेती गरेका छन् । उनले भने, "अहिले व्यावसायिकरूपमा भन्दा पनि मौषमीरूपमा यो खेती गर्नेको सङ्ख्या बढ्दै गएको छ ।" अहिले आफ्नो थोरै बारीमा समेत तिहार लक्षित गर्दै पुष्पखेती गर्नेहरूको सङ्ख्या बढेको भन्दै उनले यो व्यवसायमा युवापुस्ता अघि सरेको बताउए। उनले भने चार दिनका लागि फूल लगाउने धेरै भए । अब यसलाई निरन्तरता दिनसके हुन्थ्यो ।"

एशोसिएशनका अध्यक्ष अमर घलेले तिहारलाई लक्ष्य गर्दै जिल्लामा अहिले ४० बिघा क्षेत्रफलमा पुष्पखेती भइरहेको बताए। यसमा अहिले नियमित यही व्यवसायमा लागेका भन्दा आंशिकरूपमा खेती गर्ने बढेको उनले बताए । उनले भने, "लामो समयदेखि व्यावसायिकरूपमा गर्ने ५५ जना कृषक छन् । अरु सबै आंशिकरूपमा हो ।" गत वर्षभन्दा अहिले फूलखेतीको क्षेत्रफल र खेती गर्नेको सङ्ख्या पनि बढेको उनको भनाइ छ ।

खेती गर्ने अधिकांश युवा रहेका छन् । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा अध्ययनरत विद्यार्थीले पनि समूह बनाएर तिहारलक्षित फूलखेती गर्दै आएका छन् । जिल्लामा अहिले १० लाख बिरुवा लगाइएको भन्दै उनले भने "हामीले चितवनको बजारमा अहिले दुई लाख माला पुऱ्याउने लक्ष्य लिएका छौँ ।" यहाँ पाँच लाख माला खपत हुने उनको अनुमान छ । जसमध्ये एक लाख ५० हजार माला भारतबाट आयात हुने उनले जानकारी दिए । अन्य छिमेकी जिल्लाबाट आउने उनले बताए ।

आंशिकरूपमा व्यवसाय गर्नेका कारण बजार मूल्यमा एकरुपता नआउने डर बढेको उनको भनाइ छ । अहिले बजारमा मालाको मूल्य रु ८० र एक किलो फूलको रु २५० भन्दामाथि नजाने उनले जानकारी दिए ।

अहिले व्यावसायिक रूपमा खेती गरेका व्यवसायीले बिक्री वितरणका लागि आफ्नै स्टल खोलेर बिक्री वितरण गर्ने योजनामा रहेका छन् । यहाँको फूलको बजार चितवन, काठमाडौँ, पोखरा लगायतका ठूला सहर छन् ।


## मकवानपुर बहुमुखी क्याम्पस

हेटौडा-२, मकवानपुर

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस क्याम्पसबाट मिति २०७८/०६/२५ गतेको तपशिल बमोजिमको खरीद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पेश भएका शिलबन्दी दरभाउपत्र मध्ये देहाय बमोजिमको दरभाउपत्रदाताको प्रस्ताव स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नम्बर | कार्य विवरण | सप्लायर्स नाम र ठेगाना | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | ३/०७८/७९ | Purchase Of Computer Accessories | ह्यासट्याग, हेटौडा -०४, मकवानपुर | १०,९८,३६०/- |

*क्याम्पस प्रमुख : डा. शंकर प्रसाद उपाध्याय*

### काठदाउरा बिक्रीवितरण गर्ने बारेको सूचना

यस समूहले स्वीकृत कार्ययोजनामा भएको व्यवस्था बमोजिम आफ्नो सामुदायिक वनबाट उत्पादन गरेको काठ भुकम्पपीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका-२०७२ को परिच्छेद २ को दफा ४ (१) बमोजिम समूहभित्रका भुकम्पपीडित उपभोक्ता, घरधुरी आफ्नो गा.पा/न.पा/उपम.न.पा भित्रका छिमेकी समुहका भुकम्पपीडित उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवम् जिल्लाभित्रका छिमेकी गा.पा/न.पा/उपमा.न.पा.का भुकम्पपीडित परिवारलाई (भुकम्पपीडित परिचयपत्र पाएका) समूहले निर्धारण गरेको मूल्यमा काठ बिक्रीका लागि पत्रिकामा प्रकाशित भएको मितिबाट लागू हुनेगरी यो ७ दिने प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री सुनकोशी सामुदायिक वन उपभोक्ता समूह,**
बकैया-3 मकवानपुर

### के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# आगलागी पीडितलाई नगद सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/ ग्यास सिलिन्डर पट्किएर आगलागी हुँदा किराना पसल जलेर नष्ट भएपछि सञ्चालकलाई सहयोग जुटेको छ ।

केही दिनअघि हेटौंडा उपमहानगरपालिका-८ कमानेका रामकृष्ण लामिछानेको किराना पसलमा आगलागी भएको थियो ।

२५ असोजमा आरके किराना पसलमा ग्यास पट्किएर भएको आगलागीले क्षति पुराएको भन्दै लामिछानेलाई नगद सहयोग उपलब्ध भएको हो । आगलागीबाट किराना पसल जलेर पूणरुपमा नष्ट हुँदा १० लाख भन्दा बढीको क्षति भएको लामिछानेले बताए । दु:खमा साथ दिने भन्दै नेपाली कांग्रेसको भातृ संगठन तरुण दल बागमती प्रदेश सदस्य योग्यराज सापकोटाले ५१ हजार नगद सहयोग गरेका छन् ।



तरुण दल हेटौंडा नगर सदस्य सरोज श्रेष्ठ र नेपाली कांग्रेस नगर सदस्य आवेश लामाको उपस्थितिमा सापकोटाले आगलागी पीडित लामिछाने र विकास दंगाललाई चेक प्रदान गरेका थिए । सापकोटाले अप्ठेरोमा परेकालाई सहयोग गर्दै आएका छन् ।

# दीर्घरोगीको नि:शुल्क उपचार



साझाकुरा संवाददाता

हेटौंडा/ पश्चिम मकवानपुरक केन्द्र समेत रहेको मनहरी गाउँपालिकाका दीर्घरोगीहरुले नि:शुल्क उपचार सेवा पाउने भएका छन् ।

दीर्घरोगीहरुलाई आवश्यक औषधी उपचार गर्न सहज होस् भन्ने उद्देश्यले पाटन अस्पताल र मनहरी गाउँपालिकाबीच सोमबार सम्झौता भएको मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए ।

गाउँपालिकाभित्रका दीर्घरोगका बिरामीहरुलाई गाह्रो अप्ठ्यारो पर्दा घरमै गएर उपचार गर्ने र औषधीको व्यवस्था गरिने र गम्भीर बिरामी देखिए उपचारका लागि पाटन अस्पताल पठाइने उनले बताए । गाउँपालिकामा दीर्घरोगीहरुको पहिचान भइरहेको र पहिचान भएपछि बिरामीहरुलाई सेवा उपलब्ध गराइने पनि अध्यक्ष उप्रेतीले बताए ।

# उपमेयर कपमा हेटौंडा र गैंडाकोट प्रतिस्पर्धा गर्दै



साझाकुरा संवाददाता

हेटौंडा/ उपमेयर कप राष्ट्रिय महिला लिग फुटबल प्रतियोगितामा सहभागी हुन हेटौंडामा खेलाडी छनौट गरिएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा जारी प्रतियोगितामा सहभागी हुन १८ जना खेलाडी छनोट गरिएको हो ।

छनोट कार्यक्रममा सहभागी ३१ जना खेलाडीहरुबाट १८ जना खेलाडी छनोट गरिएको प्रशिक्षक भीम लामाले जानकारी दिए । उनका अनुसार प्रतियोगिताका लागि हेटौंडाको टिममा गोलरक्षकको जिम्मेवारी सोनु मैनाली र समिता स्याङ्तानले सम्हाल्ने भएकी छन् । डिफेन्डरमा एलिना खड्ग मगर, दिक्षा मोक्तान, मनिषामाया जिम्बा, सावित्री प्रजा र अञ्जु गोले छनोट भएकी छिन् । मिडफिल्डमा बिना डिम्डुङ, सावित्री श्रेष्ठ, बसन्तीमाया दोङ, प्रतिमा लामिछाने, पूजा मोक्तान, लक्ष्मी गोले र रीना पाखिन रहेकी छन् । फरवार्डको जिम्मा सञ्जीता बोम्जन, धनमाया थिङ र सुजीता बोम्जनले पाएकी छिन् ।

छनोटका लागि हेटौंडासहित मनहरी गाउँपालिका, वाग्मती गाउँपालिका, चितवन, बारा र पर्सा जिल्लाबाट समेत खेलाडी सहभागी भएका थिए । प्रतियोगिताका लागि हेटौंडाको टिम तयार गरी सहभागिता जनाउन मकवानपुर फुटबल संघले जिम्मेवारी लिँदै टिम तयार गरेको हो । कात्तिक ४ गतेबाट नै प्रतियोगिता सुरु भएपनि हेटौंडाको पहिलो खेल आज बुधबार रहेको छ । हेटौंडाले गैंडाकोट नगरपालिकासँग प्रतिस्पर्धा गर्दैछ । हेटौंडा समूह एफमा रहेको छ भने उक्त समूहमा हेटौंडासँगै गैंडाकोट नगरपालिका र तुलसीपुर नगरपालिका रहेका छन् । अर्को खेलमा हेटौंडाले १२ शुक्रबार गते तुलसीपुरसँग खेल्ने तालिका रहेको छ ।

प्रतियोगितामा सहभागी ३१ टिमलाई एन्फाले १० समूहमा राख्दै प्रतियोगिता लिगकम नकआउटका आधारमा खेलाइरहेको छ । एन्फाले हाललाई पहिलो चरण अर्थात् समूह चरणको खेल तालिकामात्र सार्वजनिक गरेको छ ।

# तिहारमा सुगम पोखरेल हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडामा आयोजित सांगीतिक कार्यक्रमहरुमा राष्ट्रियस्तरका गायक नदेखिएको लामो समय भइसकेको छ । विगतमा हरेक वर्ष विभिन्न कार्यक्रममा राष्ट्रियस्तरका गायकले मनोरञ्जन प्रदान गर्दै आएका थिए ।

कोरोना महामारीका कारण कुनै सांगीतिक कार्यक्रम हुन नसक्दा हेटौंडामा गायकहरुको स्वर गुन्जिन छोडेको थियो । अब फेरि युवा माझ लोकप्रिय गायक सुमग पोखरेलले हेटौंडा तताउने भएका छन् । पोखरेलको उपस्थितिमा १७ कार्तिकमा शुभकामना आदानप्रदान कार्यक्रम हुने भएको छ ।

नेपाली कांग्रेस मकवानपुरको साँस्कृतिक विभागको आयोजनामा दीपावली, नेपाल संवत तथा छठपर्वको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रम हुँदैछ ।



उक्त कार्यक्रमका लागि सुगम पोखरेल आउने भएको विभागका प्रमुख सुशान्त कुमार श्रेष्ठले बताए । कार्यक्रम रोयल पार्टी प्यालेसमा हुनेछ ।

कार्यक्रममा गायक पोखरेल, कृष्ण काफ्ले र गायिका समिक्षा अधिकारी आउने विभाग प्रमुख श्रेष्ठले जानकारी दिए । कार्यक्रममा सहभागीलाई स्वास्थ्य मापदण्ड पालना गर्न आयोजकले जनाएको छ ।

# अध्यक्षद्वारा वृद्धाश्रमलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा-६ मा रहेको श्रीकृष्ण प्रणामी मन्दिर गौरीटारलाई वडा अध्यक्ष र सदस्यले रेफ्रिजेरेटर सहयोग गरेका छन् ।

वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाई र वडा सदस्य राजकुमार बास्तोलाले आ्नो व्यक्तिगत लगानीमा मन्दिरलाई रेफ्रिजेरेटर सहयोग गरेका हुन् । सहयोग सामग्री वडा अध्यक्ष चौलागाईले मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बासुदेव खतिवडालाई हस्तान्तरण गरेका छन् । कार्यक्रममा श्रीकृष्ण प्रणामी सेवा समिति मकवानपुरका अध्यक्ष केदार प्रसाद चौलागाई, महिला समितिका प्रतिनिधि र भक्तजनको सहभागिता रहेको थियो । वडा अध्यक्ष चौलागाई र वडा सदस्य बास्तोलाले यसअघि पनि मन्दिरलाई वासिङ मेसिन सहयोग गरेका थिए ।

आफूले जनप्रतिनिधि भएबापत प्राप्त गर्ने सुविधालाई सामाजिक हितको क्षेत्रमा खर्चिने क्रममा मन्दिरमा सहयोग गरेको उनीहरुको भनाइ छ ।

# दोषीलाई कारबाही गर्न इञ्जिनियरको माग

साझाकुरा संवाददाता

हेटौंडा/ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, जनकपुरमा कार्यरत् निमित्त आयोजना प्रमुख इञ्जिनियर राजेश कुशवाहामाथि भएको अभद्र व्यवहारका दोषीलाई कडाभन्दा कडा कारबाहीको माग गरेका छन् ।

इञ्जिनियरहरुले आन्तरिक मामिला तथा कानुन मन्त्रालय वाग्मती प्रदेश र जिल्ला प्रशासन कार्यलय मकवानपुर मार्फत गृहमन्त्रालयलाई ज्ञापन पत्र बुझाएका छन् । सेन्टर फर डेमोक्रेटिक इञ्जिनियर्स नेपाल सिडेन वाग्मती प्रदेश र नेपाल इञ्जिनियर्स एसोसिएसन वाग्मती प्रदेशले संयुक्तरुपमा घटना प्रति गम्भिर ध्यानाकर्षण भएको भन्दै आइतबार ज्ञापन पत्र बुझाएका हुन् ।



उनीहरुले सिके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताहरुले इञ्जिनियर कुशवाहामाथि नृशंस तरिकाले दुर्व्यवहार गरेको भन्दै उनीहरुको उक्त कृयाकलाप अक्षम्य अपराधिक कुकर्म भएकाले जतिसक्दो कडाभन्दा कडा कारवाहीको माग गरेका छन् ।

# विद्यार्थीलाई जडीबुटीसम्बन्धी सचेतना

हेटौंडा/ वनस्पति अनुसन्धान केन्द्रले मकवानपुरले विद्यालयका विद्यार्थीलाई जडीबुटी सम्बन्धी सचेतना कार्यक्रम गरेको छ । केन्द्रले हेटौंडा-१५ स्थित वनदेवी आधारभूत विद्यालयका विद्यार्थीलाई जडीबुटीसम्बन्धी सचेतना कार्यक्रम गरेको हो ।

कार्यक्रममा विद्यालय तहका विद्यार्थीले आ्नो वरपरका वनजंगलमा पाइने विभिन्न प्रकारको जडीबुटीको बारेमा जानकारी प्रदान गरिएको थियो । विद्यार्थीलाई जडीबुटीको उपयोग र फाइदाबारेसमेत जानकारी गराइएको थियो । कार्यक्रममा वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीको प्रमुख अतिथ्यता रहेको थियो । हेटौंडा-१३ स्थित युगचेतना आधारभूत विद्यालयमा जडीबुटीसम्बन्धी सचेतना कार्यक्रम गरेको थियो । वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अशोक डिम्डुङको सभाध्यक्षता रहेको थियो । कार्यक्रममा विद्यालयका विभिन्न कक्षामा अध्ययरत ७० जना विद्यार्थीलाई जडीबुटीको उपयोग तथा फाइदाबारे जानकारी दिइएको थियो ।

# मकवानपुरमा छजनालाई कोरोना संक्रमण

हेटौंडा/ मकवानपुरमा मंगलबार ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ३३ जनामा गरिएको पिसीआर परिक्षणमा ६ जनामा र १७ जनामा गरिएको एन्टिजेन परिक्षणमा १ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ५ जना र बकैया गाउँपालिकाका १ जना रहेका छन् । हाल संसथागत आइसोलेसनमा ६ जना र होमआइसोलेसनमा ७९ जना कोरोना संक्रमित रहेका छन् ।

मंगलबार होम आइसोलेसनमा बस्ने २ जना कोरोना संक्रमित कोरोना मुक्त भएका छन् । यो संगै जिल्ला भरी कोरोना मुक्त हुनेको कुल संख्या १५ हजार ६७ जना पुगेको छ । हाल जिल्लाभरी ८५ जना कोरोनाका संक्रिय संक्रमित रहेका छन् ।

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्
घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?

निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब


हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।
हाम्रो हार्डवेयर एण्ड सप्लायर्स
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५९०६४१, ९८५५०४२९६३

सडक वारपार गर्दा अनिवार्य रूपमा जेब्राक्रसको प्रयोग गरौं ।
साझाकुरा
राष्ट्रिय दैनिक




गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

“तपाई, हामी सबैको कुरा”
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।


दर्ता नं. : २५५८१३/०७७/०७८
HETAUDA HOUSING
हेटौंडा हाउजिङ्ग प्रा.लि.
HETAUDA HOUSING PVT. LTD.
NOW OPEN

तपाई हाम्रो यस सुन्दर नगरी हेटौंडा उपनगरपालिका बासिहरुको लागि खुशीको खबर लिएर आएको छ । नेपाल सरकारबाट स्वीकृत प्राप्त हेटौंडा हाउजिङ्ग कम्पनी ।
विशेषताहरु :
१) घर मै बसि बसि टेलिफोनको भरमा हजुरहरुले चाहेको स्थानमा कोठा उपलब्ध गराउने छ । हेटौंडा उपमहानगरपलिका भित्र ।
२) विना झन्झट कोठा घर फ्ल्याट भाडामा लिन र दिन सक्नुहुनेछ । यस कम्पनी मार्फत ।
३) घर कोठा फ्ल्याटमा आउन सक्ने पानी बत्तिका साना तिना समस्याबाट छुटकारा पाउनु हुनेछ ।
४) भाडामा बस्दा पनि आफ्नै घरमा बसेको अनुभुति हुनेछ ।
५) पारिवारिक वातावरणमा रमाउन सक्नु हुनेछ ।
६) स्कूल कलेजका विद्यार्थीहरुको लागि विशेष सहुलियतमा कोठा भाडामा उपलब्ध छ ।
७) संघ संस्था अफिस, पसल, क्वाटर आदिको लागि पनि घर, कोठा, फ्ल्याट, उपलब्ध गराउने छौं ।
८) घर धनिसँग सिधा सम्पर्क नहुने ।
९) घर जग्गा खरिद विक्रीको लागि पनि सम्पर्क गर्न सक्नुहुन्छ । धन्यबाद ।

हाम्रो विशेषताहरू मन पर्छ भने कृपया हामीलाई सम्झनुहोस् हामी तपाईहरुको सेवामा सदैव तत्पर छौं ।
हेटौंडा-१, चौकीटोल, मकवानपुर
फोन नं./फ्याक्स : ०५७-५२३३१४
मो.: ९८२४२७१५४४
Viber/Whatassp: +9779824271544
Email: hetaudahousing1@gmail.com



साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल